# ध्वनिविज्ञान र नेपाली भाषाका ध्वनिको सैद्धान्तिक अध्ययन

✍लय खतिवडा[1]


**सार संक्षेप**

*ध्वनिविज्ञानले मानवीय ध्वनिको सूक्ष्मरुपमा अध्ययन गर्दछ । ध्वनि अवयव, श्वास प्रवाह, उच्चारण प्रक्रिया, स्वर र व्यञ्जन ध्वनिको वर्गीकरण ध्वनिविज्ञानमा गरिन्छ । आदिका बारेमा वैज्ञानिक अध्ययन गर्ने काम ध्वनिविज्ञानले गर्दछ । स्वर ध्वनिको वर्गीकरण जिब्रोको सक्रिय भाग,जिब्राको उचाइ,ओठको स्थिति, मांसपेशीय आधार, हाब्रोको स्थिति, मूल र संयुक्त आदि आधारमा गरिन्छ भने व्यञ्जन ध्वनिको वर्गीकरण उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्वका आधारमा गरिन्छ । ध्वनि परिवर्तनको कारण, ध्वनिका कारणले अर्थमा हुने भिन्नतालाई ध्वनिविज्ञानले सूक्ष्मरुपमा अध्ययन गर्दछ । ध्वनिविज्ञान र यसका शाखाहरू, ध्वनिको पहिचान, वर्गीकरण तथा नेपाली भाषाका ध्वनिसम्बन्धी  अध्ययन द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी यो लेख तयार गरिएको छ ।*



**मुख्य पद पदावली**

*ध्वनि, श्वास प्रवाह, रूप, भाषा, स्थान, प्रयत्न, घोषत्व, प्राणत्व, खण्डीय,खण्डेतर ध्वनि, मात्रा, अनुनासिकता, आघात, श्वसन, सुर, उच्चारित, साञ्चारिक, श्रावणिक, ध्वनिगुण, ध्वनिलक्षण, स्वरगुण, चल ध्वनि अवयव, अचल ध्वनि अवयव, ओठ, जिब्रो, कोमल तालु, किलकिले, गलजिब्री, स्वरयन्त्र, फोक्सो, दाँत र नासिका विवर, मुखमापक, कृतिमतालु, कायमोग्राम, टेपरेकडर, क्रोमोग्राफ, एक्सरे, इण्डोस्कोप, आसिलोग्राफ आदि ।*


## परिचय

भाषाको प्रारम्भ ध्वनिबाट हुन्छ । ध्वनिको वैज्ञानिक ढङ्गले अध्ययन विश्लेषण गर्ने विज्ञान नै ध्वनिविज्ञान हो । ध्वनिविज्ञान शब्द ध्वनि र विज्ञान दुई शब्द मिलेर बनेको शब्द हो । ध्वनि शब्द संस्कृतको ध्वन् धातुमा इ प्रत्यय जोडिएर निर्माण भएको शब्द हो । जसको शाब्दिक अर्थ आवाज निकाल्नु भन्ने हुन्छ । ध्वनि अन्य वस्तुबाट पनि निस्कन्छ तर भाषामा मानव अवयवद्वारा निकालिएको आवाजलाई मात्र ध्वनि भनिन्छ । ध्वनिको पहिचान, शुद्ध उच्चारण, उच्चारण प्रक्रिया, स्वर र व्यञ्जनमा वर्गीकरण, स्वरुप, विकासक्रम, प्रयोग, श्वास प्रवाह, ध्वनि अवयव आदिको वैज्ञानिक तरिकाले अध्ययन विश्लेषण ध्वनिविज्ञानले गर्दछ । ध्वनिविज्ञानले उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्वका आधारमा ध्वनिको अध्ययन गर्दछ । ध्वनिहरू पस्दो र निस्कदो सासको माध्यमद्वारा उच्चारित हुन्छन् । निस्कदो सासको माध्यमद्वारा उच्चारित ध्वनिलाई प्रश्वास र पस्दो सासको माध्ययमद्वारा उच्चारित ध्वनिलाई क्लिक भनिन्छ । नेपाली र हिन्दी भाषा लगायत विश्वका अधिकांस ध्वनिहरू निस्कदो सासको माध्यमद्वारा उच्चारित हुन्छन् ।

विश्वका सबै भाषामा प्रयोग हुने ध्वनिको लेखाजोखा गर्ने, स्वर, व्यञ्जन र अक्षरको निर्धारण गर्ने,

१ सहप्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस

वलाघात, मात्रा, अनुतान आदिको अध्ययन गर्ने भाषाको लधुतम एकाइ नै ध्वनिविज्ञान हो । प्रत्येक भाषाको आफ्नै ध्वनि हुन्छ । नेपाली भाषाको क ध्वनिलाई अङ्ग्रेजीमा K, C, Q, (Key, Cat, Queen) ले सङ्केत गरिन्छ। नेपाली भाषामा प, फ ध्वनि जसरी उच्चारण गरिन्छ त्यसरी नै अङ्ग्रेजी भाषामा गरिदैन। व्यक्तिअनुसार ध्वनि फरक फरक हुन्छ । यही कारणले ध्वनिका आधारमा व्यक्तिको पहिचान गर्न सकिन्छ । ध्वनिसम्बन्धी अध्ययन भूत र वर्तमानको गरिन्छ । ध्वनि वर्णनमूलक, वर्गीकरणमूलक र सामान्यीकृत हुन्छ । ध्वनिविज्ञान भाषाका अन्य क्षेत्रहरू वर्णविज्ञान, रुपविज्ञान, शब्दविज्ञान, वाक्यविज्ञान र अर्थविज्ञानमा आधारित हुन्छ। लिपि निर्माणमा ध्वनिविज्ञानको अनिवार्य आवश्यकता पर्दछ। ध्वनिविज्ञान भाषाभन्दा बढी शरीर विज्ञानसँग सम्बन्धित हुन्छ । ध्वनिविज्ञानको अध्ययन गर्दा ध्वनि अवयव ओठ, दाँत, जिब्रो, तालु आदिको अध्ययन विश्लेषण गरी उच्चारण स्थान, प्रयत्न, घोषत्व, प्राणत्वका बारेमा विस्तृतरुपमा अध्ययन गरिन्छ। वक्ताले ध्वनिको उच्चारण कसरी गर्दछ,उच्चारित ध्वनि कसरी साञ्चारिक भई श्रोताले श्रवण गर्दछ, यसका आधारमा ध्वनिविज्ञानलाई औच्चारिक, साञ्चारिक र श्रावणिक गरी तीन शाखामा वर्गीकरण गरिन्छ ।

पाणिनिलाई ध्वनिको प्रारम्भिक प्रवर्तक आचार्य मानिन्छ। उनले ध्वनिको व्यवस्था एवम् विन्यास गर्ने कार्य गरे । पाणिनिले ध्वनिलाई शिक्षाअर्न्तगत राखी आघात, मात्रा, उच्चारण स्थान, प्रयत्न र ध्वनि सामग्री गरी ५ प्रकारमा वर्गीकरण गरेका छन्। २० औं शताब्दीको प्रारम्भ सन् १९२१ तिर यूरोपेली भाषा वैज्ञानिकहरू सस्युर र सपिरले ध्वनिका क्षेत्रमा महत्त्वपूर्ण कार्य गरे । प्राग, लण्डन, कोपेनहेगन, जेनेवा, अमेरिकी केन्द्रहरूद्वारा ध्वनिसम्बन्धी अध्ययन गरियो । ब्लुमफिल्ड, ड्यानियल जोन्स, रोमन याकोब्सन, आन्द्रे मार्तन, एच.ए. ग्लिसन, पाइक, जस्ता भाषावैज्ञानिकहरुले ध्वनिको बिभिन्न पक्षबाट अध्ययन गर्ने कार्य गरे। संसारका भाषाका ध्वनिहरूको अध्ययन गर्न १९ औं शताब्दीको अन्त्यतिर फ्रान्समा अन्तराष्ट्रिय ध्वनि सङ्घको स्थापना भएको थियो। यसले अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमाला सन् १८८८ मा तयार पाऱ्यो। अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमाला बनाउने काममा भाषावैज्ञानिक ड्यानियल जोन्सको महत्त्वपूर्ण भूमिका रहेको छ । यसले वर्तमान समयमा ध्वनिको अध्ययन विश्लेषणका साथै विश्व भाषाका ध्वन्यात्मक आलेखन गर्न सरल बनाएको छ ।

## ध्वनिविज्ञानको परिभाषा

१) मानिसका उच्चारण अवयवबाट उच्चारित ध्वनिहरूको विज्ञानसम्मत अध्ययन गर्ने शास्त्रलाई ध्वनिविज्ञान भनिन्छ (गौतम र लुइटेल,२०५३ : १७) ।

२) उच्चारित ध्वनिहरुको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई ध्वनिविज्ञान भनिन्छ (शर्मा र लुइटेल, २०६४:४३) ।

३) ध्वनिविज्ञानमा मुखोच्चारित ध्वनिहरूको अध्ययन गरिन्छ। यसमा ध्वनिसम्बन्धी सम्पूर्ण कुराहरूको अध्ययन गरिन्छ (वन्धू,२०४८ : १७) ।

४) ध्वनिसम्बन्धी कुराको विवेचना र विश्लेषण भएको भाषावैज्ञानिक एक शाखालाई ध्वनिविज्ञान भनिन्छ (नेपाली बृहत् शब्दकोश, २०५८ : ६६०) ।

५) ध्वनिविज्ञान भाषाविज्ञानको त्यो शाखा हो जसमा ध्वनिको उच्चारण, उच्चारण अवय, वर्गीकरण, ध्वनि प्रवाह र ग्रहणका बारेमा अध्ययन गरिन्छ ( शर्मा,सन् २००० : १७९) ।

६) भाषिक ध्वनिको भौतिक पक्षको सैद्धान्तिक अध्ययन ध्वनिविज्ञान हो (न्यौपाने, २०६१ : १८८) ।

### ध्वनिको उपयोगिता

- शुद्ध उच्चारण गर्न,
- अक्षरको निर्धारण गर्न,
- अर्थ पहिचान गर्न,
- धार्मिक, पौराणिक र साहित्यिक कृतिको सहि उच्चारण गर्न,
- ध्वनि पहिचान गरी लिपि निर्माण गर्न,
- उच्चारण अवयवको अध्ययन गर्न,
- व्यक्तिको मनोविज्ञानको अध्ययन गर्न ।


### ध्वनिविज्ञानका शाखाहरू

ध्वनिविज्ञानका औच्चारिक, साञ्चारिक र श्रावणिक तीन शाखाहरू छन् । औचारिक ध्वनिविज्ञान ध्वनि उत्पादनसँग सम्बन्धित छ भने साञ्चारिक ध्वनिविज्ञान ध्वनिको भौतिक स्वरुपसँग सम्बन्धित छ । श्रावणिक ध्वनिविज्ञान ध्वनिको ग्रहणसँग सम्बन्धित छ ।

### क) औच्चारिक ध्वनिविज्ञान

- उच्चारण अवयवको अध्ययन गरिने,
- अन्य शाखाभन्दा व्यापक,
- ध्वनि उत्पादनसँग सम्बन्धित,
- कसरी कुन अवयवबाट ध्वनि उत्पादित हुने त्यसको अध्ययन गरिने,
- प्रयत्न, बल, प्राणत्व, घोषत्व स्थान आदिको अध्ययन गरिने ।

औच्चारिक ध्वनिविज्ञानले मानवीय ध्वनिको उत्पादन गर्दछ । ध्वनिको उत्पादन कसरी कुन ध्वनि अवयवद्वारा हुन्छ त्यसको अध्ययन औच्चारिक शाखाले गर्दछ । ध्वनि अवयवहरु चल र अचल गरी दुई प्रकार का हुन्छन् । चल ध्वनि अवयवहरू ओठ, जिब्रो, कोमल तालु, किलकिले, गलजिब्री, स्वरयन्त्र, फोक्सो, तथा अचल ध्वनि अवयवहरू दाँत र नासिका विवर, तालुको केही भागबाट के कस्ता ध्वनिहरू उच्चारित हुन्छन् त्यसको वैज्ञानिक तरिकाले अध्ययन औच्चारिक ध्वनिविज्ञानले गर्दछ । उच्चारित ध्वनिलाई खण्डीय र खण्डेतर गरी दुई प्रकारमा बिभाजन गरिन्छ । ध्वनिको उत्पादन वंशपरम्परा र ध्वनि अवयवको आकार प्रकारले प्रभावित पार्दछ । फोक्सोबाट निस्किएको सासलाई वायुमार्गमा कति वाधा उत्पन्न हुन्छ यस आधारमा ध्वनिहरूको वर्गीकरण गरिन्छ । ध्वनि उत्पादनमा व्यक्तिको मनोभावले प्रभाव पार्दछ । ध्वनिहरू ओष्ठ्य, दन्त्य, तालव्य वर्त्स्य, कण्ठ्य, अतिकण्ठ्य कुन स्थानबाट उच्चारित भएका हुन् ? फोक्सोबाट सासवाहिर आउँदा के कति बल वा प्रयत्न भई जोडिने, थर्किने, घर्षण हुने र काप्ने प्रक्रिया हुन्छ ? स्वरयन्त्रको कम्पन कस्तो छ र सासको मात्रा र गति धेरै वा थोरै कति छ ? आदि आधारमा उच्चारित ध्वनिहरूको अध्ययन विश्लेषण औच्चारिक ध्वनिविज्ञानले गर्दछ । ध्वनिविज्ञानका तीन शाखाहरू मध्ये औच्चारिक ध्वनिविज्ञान व्यापक र विस्तृत शाखा हो । ध्वनि उत्पादन गर्दा सर्वप्रथम वक्ताले मनोविम्व वा  के बोल्ने भन्ने धारणा तयार गर्दछ । मनोविम्ब वा धारणा तयार भए पश्चात् शब्दविम्ब वा शब्दको चयन गर्दछ । शब्दको चयनपश्चात् शब्दले दिने अर्थ बोध गर्दछ । शब्दको अर्थ सहि भएमा वा उच्चारण गर्न मिल्ने भएमा मात्र वक्ताले ध्वनि उच्चारण गर्दछ यसलाई यसरी देखाउन सकिन्छ ।




**ख) साञ्चारिक ध्वनिविज्ञान**

भौतिक स्वरुपसँग सम्बन्धित हुने,

श्रवण इन्द्रियमा भिन्नता हुने,

व्यक्तिको बोल्ने शैली फरक हुने,

देशकाल र वातावरणले प्रभाव पार्ने,

उत्पादन र श्रवणबिचको स्थितिको अध्ययन गर्ने ध्वनिविज्ञानको शाखालाई साञ्चारिक ध्वनिविज्ञान भनिन्छ। साञ्चारिक ध्वनिविज्ञानले भौतिक स्वरुपको वस्तुपरक ढङ्गले अध्ययन गर्दछ। वक्ताद्वारा उच्चरित ध्वनि हावामा कसरी तरङ्गित भएर श्रोताको कानसम्म पुग्छ ? वक्ताले उच्चारण गरेको ध्वनि विना वाधा विरोध श्रोताको कानसम्म पुगेको छ छैन त्यसको अध्ययन विश्लेषण ध्वनिको साञ्चारिक शाखामा गरिन्छ। ध्वनिलाई विभिन्न यन्त्रद्वारा प्रयोग परीक्षण गरिने हुँदा यसलाई प्रायोगिक ध्वनिविज्ञान पनि भनिन्छ। साञ्चारिक ध्वनिलाई गणितीय आधारमा वैज्ञानिक प्रक्रियाद्वारा मापन गरिने हुँदा यसबाट प्राप्त निष्कर्ष वस्तुपरक, प्रामाणिक र वैज्ञानिक प्रकृतिको हुन्छ। आवाजको गतिलाई डेसिवलमा मापन गरिन्छ। कानको श्रवण गर्ने क्षमता निश्चित हुन्छ। ध्वनिको चाल प्रतिसेकेन्ड ११३० फिटका दरले हावामा साञ्चारिक हुन्छ (ढकाल,२०६५ : ६२)। ध्वनि वायुमण्डलमा तरङ्गित भएर अगाडि बढ्छ। ध्वनि चाल क्रमशः अगाडि बढ्दै निश्चित विन्दुमा पुग्दा ध्वनि घट्दै शून्य हुन्छ र श्रोताले श्रवण गर्न सक्दैन। उत्पादित ध्वनि साञ्चारिक हुँदा विभिदता हुन्छ। ध्वनि अवयव र श्रवण इन्द्रियमा भिन्नता, फरक वातावरण र परिवेश, शब्दको उच्चारण गर्ने समय, व्यक्तिको वोल्ने शैली आदि आधार मा ध्वनिमा बिभिधता हुन्छ। साञ्चारिक ध्वनिले मुखरता, दीर्घता, घोषत्व, प्राणत्व, अनुनासिकता, वलाघात, सुर तान आदिको अध्ययन गर्दछ। साञ्चारिक ध्वनिलाई मुखमापक, कृतिम तालु, कायमोग्राम, इक राइटर, टेपरेकडर, क्रोमोग्राफ, एक्सरे, इण्डोस्कोप, आसिलोग्राफ आदि यन्त्रको माध्यमद्वारा मापन गरिन्छ (तिवारी, सन् २००३ :३३४)।

**ग) श्रावणिक ध्वनिविज्ञान**

श्रवणसँग सम्बन्धित ध्वनिविज्ञानको शाखा,

तरङ्गित ध्वनि अवयवले गर्दा कम्पन उत्पन्न हुने,


श्रवणमा कान र कानसँग सम्बन्धित स्नायु प्रणाली सक्रिय हुने,

शरीर र मस्तिष्कसँग सम्बन्धित,

मनोविज्ञानसँग सम्बन्धित हुने।


श्रावणिक ध्वनिविज्ञानले वक्ताले उच्चारित गरी साञ्चारिक भएका ध्वनिलाई श्रवण गरी विश्लेषण गर्दछ। श्रोताको कान र मस्तिष्कसँग प्रत्यक्ष सम्बन्धित श्रावणिक ध्वनिविज्ञानले वायुमण्डलमा तरङ्गित ध्वनिको श्रवण गर्ने, विश्लेषण गर्ने, अर्थबोध गर्ने, र ग्रहण गर्ने काम गर्दछ। ध्वनिविज्ञानको नयाँ शाखा मानिने श्रावणिक ध्वनिविज्ञान अन्य दुई शाखाभन्दा कम प्रयोगमा आएको छ। कान र कानसँग सम्बन्धित स्नायु प्रणाली, मस्तिष्क

आदिको अध्ययन श्रावणिक शाखाअन्तर्गत गरिन्छ । जब वक्ताले उत्पादन गरेको ध्वनि तरङ्गित भएर श्रोताको कानसम्म पुग्छ तब श्रवण इन्द्रियमा कम्पन उत्पन्न हुन्छ । कम्पन उत्पन्न भए पश्चात् श्रोताले ध्वनि ग्रहण गर्दछ । कम्पनलाई हर्जमा मापन गरिन्छ । भाषावैज्ञानिक भोलानाथ तिवारीले यसलाई फ्रिक्वेन्सी वा आवृत्तिमा मापन गरेका छन् । उनले ९० देखि १००० आवृत्तिको ध्वनिलाई व्यक्तिले राम्ररी सुन्न र बुझ्न सक्दछ भन्ने विचार व्यक्त गरेका छन् । ध्वनिविज्ञानको श्रावणिक शाखाले ध्वनिको गुण, मात्रा, स्वरुप, प्रभाव, कार्य तथा प्रकारको वस्तुपरक अध्ययन विश्लेषण गर्दछ । उच्चारित ध्वनिलाई  श्रोताले यसरी श्रवण गर्दछ :




### ध्वनिको वर्गीकरण

मानव उच्चारण अवयवद्वारा उच्चारित सार्थक आवाजलाई ध्वनि भनिन्छ । ध्वनिको अध्ययन विश्लेषण गर्ने भाषाविज्ञानको एक शाखालाई ध्वनिविज्ञान भनिन्छ । ध्वनि भाषाको उच्चार्य लघुतम एकाइ हो । ध्वनि उच्चारण गर्दा फोक्सोबाट सासबाहिर निस्कने र पस्ने क्रम हुन्छ । ध्वनिविज्ञानले ध्वनि अवयव, श्वासप्रवाह, उच्चारण प्रक्रिया, स्वर र व्यञ्जन ध्वनिको अध्ययन गर्दछ । उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्वका आधारमा ध्वनि कसरी उच्चारित हुन्छन् त्यसको अध्ययन ध्वनिविज्ञानमा गरिन्छ । ध्वनिको अध्ययन गर्ने परम्परा धेरै पुरानो हो । ध्वनिविज्ञानले संसारभरका भाषामा प्रयोग हुने ध्वनिको लेखाजोखा गरी सैद्धान्तिक आधार तयार गर्दछ । ध्वनिलाई खण्डीय र खण्डेतर गरी यसरी वर्गीकरण गरिन्छ :




### क) खण्डीय ध्वनि

खण्ड खण्ड गर्न सकिने ध्वनिलाई खण्डीय ध्वनि भनिन्छ । स्वतन्त्र रुपमा उच्चारण गर्न सकिने र खण्डीत गर्न सकिने ध्वनिलाई नै खण्डीय ध्वनि हुन् । स्वतन्त्र रुपमा उच्चारण गर्न सकिने खण्डीय ध्वनिलाई स्वर, अर्धस्वर र व्यञ्जन गरी वर्गीकरण गरिन्छ ।

१. स्वर ध्वनि

श्वासप्रवाहमा बाधा उत्पन्न नभई स्वतः उच्चारण हुन सक्ने ध्वनिलाई स्वर ध्वनि भनिन्छ। फोक्सोबाट निस्कने सासबिना रोकावट बाहिर निस्किएर उच्चारित हुने ध्वनिहरू नै स्वर ध्वनि हुन् । स्वर ध्वनिको उच्चारण गर्दा अरू ध्वनिको आवश्यकता पर्दैन । सुनाइका आधारमा स्वर ध्ननिहरू बढी श्रुतिगोचर र लामो समयसम्म उच्चारण गर्न सकिन्छ । अन्य ध्वनिसँग आश्रित नभई उच्चारित हुने ध्वनिहरू प्रत्येक भाषामा फरक फरक सङ्ख्यामा रहेका हुन्छन् । यसरी स्वतः उच्चारण हुने, श्वास प्रवाहमा बाधा नहुने, बढी सुन्न सकिने आक्षरिक ध्वनि  नै स्वर ध्वनि हुन् ।

स्वर ध्वनिका विशेषता

स्वतः उच्चारण हुने, अरुको सहयोग नपर्ने,

श्वासप्रवाहमा अवरोध नहुने,

बढी सुन्न र लामो समयसम्म उच्चारण गर्न सकिने,

आक्षरिक ध्वनि भएकाले अक्षर निर्धारण गर्न आवश्यक पर्ने,

घोष ध्वनि, मौखिक ध्वनि र व्यञ्जनको तुलनामा कम सङ्ख्यामा हुने,

सबै स्वरध्वनि प्रयोगमा नआउने,

जिब्रो वा ओठको स्पर्श नहुने, बलाघात, दीर्घता, सुर, तान हुने भएकाले बढी स्पष्ट हुने, अनाश्रित ध्वनि।

नेपाली भाषाका अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं अः १३ वटा लेख्य स्वर ध्वनिमध्ये भाषावैज्ञानिक प्रयोग र उच्चारणका दृष्टिले कथ्य रुपमा अ, आ, इ,उ, ए, ओ गरी ६ वटा स्वर ध्वनिहरू प्रयोगमा आएका छन् । अन्य ध्वनिहरू संयुक्त रुपमा यसरी प्रयोगमा आएका हुन्छन् ।

ई = इ + इ

ऊ = उ + उ

ऐ = अ + इ

औ = अ + उ

ऋ = र् + इ

अं = अ + म्

अः = अ + ह्

स्वर ध्वनिको वर्गीकरण जिब्रोको सक्रिय भाग,जिब्राको उचाइ,ओठको स्थिति, मांसपेशीय आधार, हाब्रोको स्थिति, मूल र संयुक्त आदि आधारमा गरिन्छ ।

२.व्यञ्जन ध्वनि

श्वास प्रवाहमा विभिन्न बाधा उत्पन्न भई उच्चारण हुने ध्वनिलाई व्यञ्जन ध्वनि भनिन्छ । व्यञ्जन ध्वनि उच्चारण गर्दा श्वास प्रवाहमा घर्षण वा बाधा उत्पन्न हुन्छ । व्यञ्जन ध्वनिबाट अक्षरको निर्धारण गर्न सकिदैन । स्वर ध्वनिका तुलनामा व्यञ्जन ध्वनि उच्चारण गर्दा कम सुनिन्छ। व्यञ्जन ध्वनि उच्चारण गर्दा स्वर कुनै न कुनै रुपमा टाँसिएर आउने हुँदा स्वर ध्वनिको सहायताबिना व्यञ्जन ध्वनिको उच्चारण गर्न सकिदैन । व्यञ्जन ध्वनिहरू मौखिक र नासकिय दुवै हुन्छन् । कम समयसम्म मात्र उच्चारण गर्न सकिने व्यञ्जन ध्वनि प्रत्येक भाषामा फरक फरक सङ्ख्यामा रहेका हुन्छन् । यसरी स्वतः उच्चारण हुन नसक्ने श्वास प्रवाहमा

कुनै न कुनै वाधा उत्पन्न हुने अनाक्षरिक, कम श्रवणीय  सघोष, अघोष, मौखिक, नासकिय ध्वनि नै व्यञ्जन ध्वनि हुन् । नेपाली भाषामा लेख्य रूपमा ३६ वटा व्यञ्जन ध्वनि भए तापनि भाषावैज्ञानिक प्रयोग र उच्चारणका दृष्टिले २९ वटा व्यञ्जन ध्वनिहरू प्रयोगमा आएका छन् । नेपाली भाषामा कथ्य रूपमा प्रयोगमा आएका व्यञ्जन ध्वनिहरू निम्न छन् :

| | | | | | |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | |
| च | छ | ज | झ | - | |
| ट | ठ | ड | ढ | - | |
| त | थ | द | ध | न | |
| प | फ | ब | भ | म | |
| य | र | ल | व | स | ह = २९ |

यी बाहेक लेख्य रूमा प्रयोगमा आउने ञ, ण, श, ष, क्ष, त्र, ज्ञ व्यञ्जन ध्वनि कथ्य रूपमा प्रयोगमा आउँदैनन् । जस्तै :

ञ - को सट्टा न प्रयोग हुने
ण - को सट्टा न प्रयोग हुने
श - को सट्टा स प्रयोग हुने
ष - को सट्टा स प्रयोग हुने
क्ष - क्+ष्+अ मिलेर बनेको संयुक्त ध्वनि
त्र - त्+र्+अ मिलेर बनेको संयुक्त ध्वनि
ज्ञ - ज् +ञ्+अ मिलेर बनेको संयुक्त ध्वनि

**व्यञ्जन ध्वनिका विशेषता**

स्वतः उच्चारण गर्न नसकिने स्वर ध्वनिको आवश्यक पर्ने,
श्वास प्रवाहमा बाधा उत्पन्न हुने,
अनाक्षरिक ध्वनि,
कम श्रवणीय, उच्चारणमा कम समय लाग्ने र आश्रित ध्वनि,
स्वर कुनै न कुनै रूपमा टाँसिएर उच्चारित हुने,
मौखिक र नासकिय दुबै हुने,
स्वर ध्वनिको तुलनामा बढी सङ्ख्यामा हुने,
सबै व्यञ्जन ध्वनि प्रयोगमा नआउने,
उच्चारण स्थान, प्रयत्न, घोषत्व र प्राणत्वका आधारमा वर्गीकरण गरिने ।

**ख) खण्डेतर ध्वनि**

खण्ड खण्ड गर्न नसकिने, स्वतन्त्र र सहज उच्चारण गर्न नसकिने ध्वनिलाई खण्डेतर ध्वनि  भनिन्छ । खण्डीय ध्वनिको सहयोग लिएर उच्चारण गरिने खण्डेतर ध्वनिमा मात्रा, अनुनासिकता आधात, श्वसन, सुर आदि पर्दछन् । खण्डेतर ध्वनिलाई ध्वनिगुण, ध्वनिलक्षण, स्वरगुण, रागीयतत्त्व पनि भनिन्छ । खण्ड खण्ड गर्न नसकिने, स्वर र व्यञ्जन ध्वनि जस्तो सहज उच्चारण गर्न नकिने, अर्थभेदक, कम श्रवणीय, मौखिक र नासकिय ध्वनि नै खण्डेतर ध्वनि हुन् । नेपाली भाषामा खण्डेतर ध्वनिलाई यसरी वर्गीकरण गरिन्छ :

- मात्रा
- अनुनासिकता
- आघात
  - बलघात
  - लयाघात
- सुर / ताल
- संहिता / विराम
- श्वसन

**निष्कर्ष**

यसरी मानवद्वारा उच्चारित ध्वनिको अध्ययन गर्ने भाषाविज्ञानको शाखालाई ध्वनिविज्ञान भनिन्छ। यसले संसारका भाषिक ध्वनिको वस्तुपरक ढङ्गले अध्ययन विश्लेषण गर्दछ । ध्वनिविज्ञान कथ्यमा आधारित हुन्छ । ध्वनिलाई उच्चारित, साञ्चारिक र श्रावणिक गरी तीन शाखामा विभाजन गरिन्छ। लिपि निर्माणमा ध्वनिविज्ञानको अनिवार्य आवश्यकता पर्दछ । ध्वनिविज्ञान भाषाभन्दा बढी शरीर विज्ञानसँग सम्बन्धित हुन्छ । व्यञ्जन ध्वनि अध्ययन गर्दा ध्वनि अवयव ओठ, दाँत, जिब्रो, तालु आदिको अध्ययन विश्लेषण गरी उच्चारण स्थान, प्रयत्न, घोषत्व, प्राणत्वका बारेमा विस्तृत रुपमा अध्ययन गरिन्छ भने स्वर ध्वनिको वर्गीकरण जिब्रोको सक्रिय भाग,जिब्राको उचाइ,ओठको स्थिति, मांसपेशीय आधार, हाब्रोको स्थिति, मूल र संयुक्त आदि आधारमा गरिन्छ।

**सन्दर्भ सूची**


अधिकारी, हेमाङ्गराज (२०५६), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार ।

गौतम, देवीप्रसाद (२०४९), नेपाली भाषा परिचय, काठमाडौं : साझा प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६५), सामान्य भाषाविज्ञान, काठमाडौ : शुभकामना प्रकाशन ।

तिवारी, भोलानाथ (ई.२००३), आधुनिक भाषाविज्ञान, दिल्ली : लिपि प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०५१), भाषाविज्ञानको रूपरेखा, काठमाडौं : नेपाल बुक डिपो ।

बन्धु, चूडामणि (२०४८), भाषाविज्ञान, काठमाडौं : साझा प्रकाशन ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५८) भाषाविज्ञान, काठमाडौं : न्यू हिरा बुक्स ।

शर्मा,मोहनराज (२०५४), शब्दरचना र वर्णविन्यास, काठमाडौं : नवीन प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद (२०६४), आधुनिक भाषाविज्ञान, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।


❊ ❊ ❊